EMBASSY OF NEPAL
12A KENSINGTON PALACE GARDENS
LONDON W8 4QU

नेपाली राजदूतावास
लन्डन

# नेपाल राष्ट्र बैंक,मुद्रा तथा धारक विनिमय अधिकार पत्रको उदघोषण गर्ने व्यवस्था सम्बन्धी

# अत्यन्त जरुरी सूचना

मिति २०७५/०४/०४

नेपाल राष्ट्र बैंकले सम्पत्ति शुद्धीकरण(Money Laundaring ) निवारण ऐन,२०६४ अनुसार भारत बाहेकका अन्य मुलुकमा जाँदा नेपाली रुपैया ५०००/- भन्दा बढी लैजान नपाउने व्यवस्था यसपूर्व नै गरिसकेको र नेपाल आउने वा जाने यात्रु तथा रकम स्थान्तरण( Money Transfer) सम्बन्धी कार्य गर्ने हुलाक वा कुरियर सेवा प्रदायकले उल्लिखित ऐन बमोजिम उदघोष (Declare )नगरेमा वा गलत उदघोषण गरेमा भन्सार अधिकृतले जाँचबुझ वा तत्काल जफत गरी कानून बमोजिम कारवाही गर्ने व्यवस्था भएकोले संयुक्त अधिराज्य, आयरल्याण्ड र माल्टामा रहनु भएका नेपाली तथा सरोकारवालालाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

साथै यस बिषयमा अर्थ मन्त्रालयको पत्र समेत यसै सूचनामा प्रकाशित गरिएको छ ।

**यो व्यवस्था २०७५ साउन १ देखि लागु भएको व्यहोरा अनुरोध गरिन्छ ।**

नेपाली राजदूतावास
लन्डन

Second Secretary

नेपाल सरकार

# अर्थ मन्त्रालय

(आर्थिक नीति विश्लेषण महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-२०७५।०७६

च. नं.:- १

मिति: २०७५/०४/०१

श्री परराष्ट्र मन्त्रालय,
सिंहदरबार।

विषय: उदघोषण सम्बन्धी जानकारी गराउने आवश्यक व्यवस्थाका सम्बन्धमा ।

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को परिच्छेद ६क बमोजिम मुद्रा तथा धारक विनिमय अधिकारपत्रको उदघोषण सम्बन्धी व्यवस्था कार्यान्वयनका लागि सोही ऐनको दफा २९क अनुसार नेपाल राष्ट्र बैंकले यसैपत्र संलग्न निर्णयको सूचना जारी गरेकोले सोही अनुरुप मिति २०७५ श्रावण १ गतेदेखि सो व्यवस्था कार्यान्वयनका लागि भन्सार विभागलाई लेखि पठाइएको व्यहोरा अनुरोध छ। नेपाल राष्ट्र बैंकले भारत बाहेकका अन्य मुलुकमा जाँदा नेपाली रुपैयाँ रु.५,०००।— भन्दा बढी लैजान नपाउने व्यवस्था यसपूर्व नै गरिसकेको र नेपाल आउने वा जाने यात्रु तथा रकम स्थानान्तरण सम्बन्धी कार्य गर्ने हुलाक वा कुरियर सेवा प्रदायकले उल्लिखित ऐन बमोजिम उदघोषण नगरेमा वा गलत उदघोषण गरेमा भन्सार अधिकृतले जाँचबुझ वा तत्काल जफत गरी कानुनी कारवाही गर्ने व्यवस्था भएकोले विदेश स्थित कुटनीतिक नियोग मार्फत विदेशमा रहेका नेपाली तथा सरोकारवालालाई प्रस्तुत बिषयमा जानकारी गराउने आवश्यक व्यवस्था गरिदिनु हुन आदेशानुसार अनुरोध गरिएको छ।

**बोधार्थ**

श्री नेपाल राष्ट्र बैंक, बालुवाटार।
श्री भन्सार विभाग, त्रिपुरेश्वर।
श्री वैदेशिक रोजगार विभाग, ताहाचल।

२०७५/०४/०१

किसन सिंह बस्नेत
उप सचिव

नेपाली राजदूतावास
लण्डन
Second Secretary